KTM, CDO Regd. No. 07/043/44

नेपाल चिकित्सक संघ
Nepal Medical Association
Founded: 20 Falgun 2007 (4th March 1951)

Member:
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

मिति: २०८१ भाद्र १८ गते

# प्रेस विज्ञप्ति

मिति २०८१ भाद्र ७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक बिदाका दिनमा सबै प्रकारका अस्पतालबाट प्रवाह हुने स्वास्थ्यसम्बन्धी सेवा (बहिरंग सेवासमेत) प्रावाह गर्नुपर्ने र सो को लागि समन्वय, प्रचारप्रसार र अनुगमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई गरेको पत्राचारको सम्बन्धमा नेपाल चिकित्सक संघको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालमा २०४८ सालदेखि सरकारी अस्पतालहरुमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा दरबन्दी नथपिएको र अस्पतालहरुमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक जनशक्ति तथा सेवा सुविधाहरु ज्यादै न्युन रहेको मौजुदा अवस्था सर्वविदितै छ। अन्तर्राष्ट्रिय श्रम संगठनले व्यक्तिको श्रम अवधि (काम गर्ने समय) हप्ताको ४० घण्टा तोकेको भएपनि चिकित्सक तथा स्वास्थ्यकर्मीहरु दिनरात नभनी २४ देखि ७२ घण्टासम्म लगातार सेवामा खटिनुपर्ने बाध्यता रहेको छ। कम दरबन्दी तथा ज्यादै न्यून सुविधामा समेत २०७२ सालको भूकम्प तथा Covid-19 महामारीमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरु आफ्नो ज्यान जोखिममा राखी अनवरत रूपमा अहोरात्र सेवामा खटेको कुरा सबैलाई अवगत नै छ।

चिकित्सक तथा स्वास्थ्यकर्मीहरु पनि मानव नै भएकाले अन्य पेशाकर्मीहरुलाई जस्तै पर्याप्त आरामको आवश्यकता रहेको हुन्छ। चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई आराम गर्नको लागि हप्ताको २ दिन बिदा दिने अन्तर्राष्ट्रिय प्रचलन रहिआएको छ। हरेक स्वास्थ्य संस्थाहरुमा बिदाका दिनहरुमा जटिल स्वास्थ्य समस्या भएका बिरामीहरुका लागि आकस्मिक तथा अत्यावश्यक स्वास्थ्य सेवाहरू सुचारु रहने कुरा सर्वविदितै छ। यसका बावजूद स्वास्थ्यकर्मीहरुलाई पर्याप्त आराम गर्न नदिई अन्तर्राष्ट्रिय अभ्यास विपरित बिदाका दिनमा समेत बहिरंग सेवा सुचारु भएको खण्डमा स्वास्थ्यकर्मीहरुमा शारीरिक तथा मानसिक तनाव (stress) बढेर Burnout हुने तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा ह्रास आई बिरामीको स्वास्थ्यमा थप प्रतिकूल असर पर्ने सम्भावना रहेको विभिन्न वैज्ञानिक अनुसन्धानहरुबाट पुष्टी भइसकेको छ।

KTM, CDO Regd. No. 07/043/44

नेपाल चिकित्सक संघ
Nepal Medical Association
Founded: 20 Falgun 2007 (4th March 1951)

Member:
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

EXECUTIVE COMMITTEE
(2023-2026)

President
Dr. Anil Bikram Karki

Immediate Past President
Dr. Lochan Karki

Senior Vice President
Dr. Badri Rijal

Vice President & Province Coordinator
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

General Secretary
Dr. Sanjeeb Tiwari

Treasurer
Dr. Pramod Joshi

Joint Secretary
Dr. Leison Maharjan

Joint Treasurer
Dr. Bikrant Dhakal

Members
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

Editor-in-chief
Dr. Ashis Shrestha

कामको अत्याधिक बोझ तथा लगातारको तनावले गर्दा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको पारिवारिक जीवनमा समेत गम्भीर असर पर्न गई परिवारमा असमझदारी, वैवाहिक जीवनमा तनाव तथा Divorce सम्म हुनेगरेका घटनाहरु देखिएका छन् । यसका साथै कतिपय स्वास्थ्यकर्मीहरुमा अत्याधिक तनावका कारण जटिल मानसिक समस्याहरु उत्पन्न भई suicidal tendency पनि देखा परिरहेको मौजुदा अवस्थामा बिदाको दिनमा समेत थप कार्यबोझ थपिदिने कार्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरुमाथि ठूलो अन्याय हो । स्वास्थ्यकर्मीहरुलाई पनि अन्य पेशाकर्मीलाई जस्तै आफ्नो कार्यकौशलताको पूर्ण प्रयोग गर्दै गुणस्तरीय सेवा प्रवाह गर्नको लागि बिदा अपरिहार्य रहेको कुरालाई नकार्न सकिंदैन ।

त्यसैले चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको शारीरिक तथा मानसिक स्वास्थ्यको बेवास्ता गर्दै बिदाका दिनहरुमा समेत बहिरंग सेवा संचालन गर्ने कुरा मानवताको दृष्टिकोणले अव्यवहारिक तथा अवैज्ञानिक भएकोले सो निर्णय अविलम्ब फिर्ता लिन जोडदार माग गर्दछौँ ।

डा. सन्जिब तिवारी
महासचिव

Phone No.: +977-1-5325860, 5331825, Fax No.: +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org,np